नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाडौं।

२०८२/०७/२०

**पुनः श्रम स्वीकृतिको आकस्मिक सेवा वन्द गरी पूर्ण रुपमा अनलाईनमार्फत हुने सुचना ।**

वैदेशिक रोजगार विभागको वैदेशिक श्रम स्वीकृति शाखामा विजया दशमी, शुभ दिपावली तथा विभिन्न चाडपर्व र विदाको कारणले वैदेशिक पुनः श्रम स्वीकृति सम्वन्धी कामकाजको लागि श्रम स्वीकृतिको निस्सा नलिदै उडान टिकट काटिसकेका सेवाग्राहीको सहजताका लागि पुनः श्रम स्वीकृति सम्वन्धी कामकाज टिकट एवं आकस्मिक परेको प्रमाण संलग्न राखि निवेदन दिएमा आकस्मिक सेवा वाट प्रदान गरिदै आएको व्यहोरा सम्पुर्णमा विदितै छ ।

हाल चाडपर्व एवं लामो विदा पनि सकिसकेको अवस्थामा कार्यालयमा सेवाग्राही उपस्थित भई आकस्मिक सेवा वाट पुनः श्रम स्वीकृति दिंदा श्रम स्वीकृति शाखाको काममा अझैं चाप वढिरहेको अवस्थालाई मध्यनजर गर्दै वैदेशिक रोजगार विभागको श्रम स्वीकृति शाखावाट प्रदान गरिने सेवा प्रवाहलाई अनलाईन मार्फत चुस्त, दुरूस्त र प्रभावकारी बनाई जनतालाई अधिकतम मात्रामा छिटो, छरितो, झन्झट रहित एवं राज्यले अख्तीयार गरेको नीति, विधि पद्दती सम्मत तरिकाले सेवाप्रवाह गर्न यस शाखावाट प्रदान गरिने आकस्मिक सेवावाट श्रम स्वीकृति दिने कार्य मिति २०८२/०७/२२ गते देखि बन्द गरि नियमित online सेवावाट मात्र वैदेशिक श्रम स्वीकृति प्रदान गरिने भएकोले वैदेशिक रोजगारको लागि श्रम स्वीकृति लिने सम्पुर्ण व्यक्तिहरुले श्रम स्वीकृति भई सकेपछी मात्र उडान टिकटको व्यवस्था गर्नुहुन र विभागको श्रम स्वीकृति शाखावाट प्रदान गरीने सेवा पुर्णतः Online प्रणालीमा आधारित रहेकोले विशेष परिस्थिति परी भौतिक उपस्थितिका लागि विभागवाट अनुरोध गरिएको अवस्थामा वाहेक सेवाग्राहीहरु विभागमा उपस्थित हुनु नपर्ने व्यहोरा सुचित गरिन्छ।

२०८२/७/२०

टिकाराम ढकाल
निर्देशक